# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १८ गते २०११ साल

भाग २

## अर्थ (आय) मन्त्रालयको सूचना

११।गृ बि.।६४।६६४५ मितिः— २०—१०—०११

११।८।२३ मा प्रकाश भएका मनाही माल
गुणटा फिटो भारीमा रहेको र आएको छाड्ने।

म १।६,

उक्त बिषय मनाही माल विषय कमिटीको सिफारीसअनुसार देहायको माल देहायका परिमाणसम्म सवालबमोजिम लाग्ने महसूल लिई छाड्ने "११।१०।५ मा निर्णय भई आएकोले निर्णयअनुसार देहायको माल देहायका परिमाणसम्म गुणटा फिटीमा आएमा ऐन सवालबमोजिम लाग्ने महसूल लिई छाडिदिनुहोला।

२४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) रबरको डसना तकिया चक्टीहरू काममा लगाइसकिएको ११ बटासम्म एक जहानलाई ।

(२) अत्तरहरू ३ औंससम्मको प्याक खोलेको सिसी एक।

(३) सिल्क फाइवर निलन र रेशमको कपडाहरूमा :—

(क) निजी व्यवहारको चलन चल्तीको पुरानो मालहरू। पुराना मालमा पनि व्यापारिक दृष्टिबाट ल्याएको हुन हुँदैन।

(ख) नयाँ मालमा जनही ४ बटासम्म

(ग) नयाँ कपडामा जनही १० गज सम्म। सारी पनि यसैमा गनिनेछ ।

(१) सिंगमरमर बमाः—

(क) देव देवताको मूर्तिहरू ।

(ख) चलन चल्ती भइसकेको पुरानो ढुंगाको थाल कचौरा गिलास गरी ५ चीजको सेट् १ एक।

(ग) हाम्रो देशभित्र तयार भएको चलन चल्तीको पुरानो मालहरू ।

(५) नेपालमा तयार भएको गलैंचाहरू ।

(६) बिदेशी मदिरामा :—

(क) विदेशी यात्रुले ल्याएको व्हिस्की ब्राण्डी जिन स्याम्पीनहरूमा जुन ल्याए पनि जम्मा १ ोल र बियर रममा २ बोतलसम्म।

(ख) यात्रुहरूले एको भाईब्रोन बिनकारनीस औषधीको रूपमा ब्यवहार गरिने मदिरा हुनाले जम्मा २ बोतलसम्म।

आज्ञाले—

चूडानन्द वैद्य,

कामु. सेक्रेटरी—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।